# नेपाल राष्ट्र बैंक
## वित्त व्यवस्थापन विभाग
### लगानी सम्बन्धी सूचना

यस बैंकको विभिन्न कोषहरूमा रहेको रकम लगानी गर्नुपर्ने भएकोले यस बैंकबाट इजाजतपत्र प्राप्त देहाय बमोजिमका शर्तहरू पूरा गरेका बैंक तथा वित्तीय संस्थाहरूबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकम लिनको लागि प्रस्ताव गरिएको व्याजदर समेत यसैसाथ संलग्न फारममा भरी उक्त फारमलाई pdf format मा Scan गरी Password Protected गरेर कुल लगानीयोग्य रकम मध्ये **इ.सं. जुन १८, २०२६ देखि इ.सं. जुन २०, २०२७ सम्म ३६८ दिन**को मुद्दती निक्षेपको रूपमा लिन चाहेको रकम खुलाई यस बैंकमा **मिति २०८३/०२/२० गते** राती १२:०० बजेभित्र **fmdinvestment@nrb.org.np** मा प्राप्त हुने गरी व्याजदर सम्बन्धी प्रस्ताव पेश गर्न आह्वान गरिएको छ । साथै, उक्त File को Password **मिति २०८३/०२/२१** गते राती १२:०० बजेभित्र सोही इमेलमा जानकारी गराउन समेत अनुरोध छ ।

| बैंक तथा वित्तीय संस्था | रकम (रु. लाखमा) |
|---|---|
| "क" वर्गको वाणिज्य बैंकको लागि छुट्याइएको रकम | ७७,५८१ |
| "ख" वर्गको राष्ट्रियस्तरको विकास बैंकको लागि छुट्याइएको रकम | १४,५४७ |
| "ग" वर्गको राष्ट्रियस्तरको वित्त कम्पनीको लागि छुट्याइएको रकम | ४,८४१ |
| **कुल लगानीयोग्य रकम** | **९६,९८५** |

**शर्तहरू**

(१) देहाय बमोजिमका शर्तहरू पूरा गरेको बैंक तथा वित्तीय संस्थाले सिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ ।

(क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा २ वर्ष पूरा गरेको ।

(ख) बैंकले समय समयमा निर्धारण गरे बमोजिमको न्यूनतम कुल पुंजीकोष अनुपात (buffer सहित) कायम गरेको ।

(ग) निष्कृय कर्जा (एन.पी.एल.) अनुपात ८ प्रतिशत र खुद निष्कृय कर्जा (खुद एन.पी.एल.) अनुपात ३ प्रतिशत ननाघेको ।

(घ) खुद तरल सम्पत्ति अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमाभित्र रहेको ।

(ङ) कर्जा निक्षेपको अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमाभित्र रहेको ।

(च) निकटतम अघिल्लो आर्थिक वर्षको नाफा नोक्सान हिसाब अनुसार खुद मुनाफामा रहेको ।

(छ) बैंक तथा वित्तीय संस्था शीघ्र सुधारात्मक कारवाहीमा परेको भए यस्तो कारवाही फुकुवा भएको कम्तीमा ६ (छ) महिना पूरा भएको ।

(ज) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ख) बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएको भए यस्तो कारवाही फुकुवा भएको ६ (छ) महिना अवधि पूरा भएको ।

(झ) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

(२) प्रस्तावित ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर परेको मानिने छैन ।

(३) इमेलमार्फत् प्रस्ताव पेश गर्दा E-mail को Subject तथा Filename मा "FMD Fund FD Proposal_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ । साथै, Password पठाउँदा E-mail को Subject मा "FMD Fund FD Proposal Password_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ । Bank Code मा सम्बन्धित संस्थाको साधारण शेयर नेपाल स्टक एक्सचेन्ज लि. (NEPSE) मा सूचीकृत हुँदाको Stock Symbol राख्नु पर्नेछ । संस्थाको आधिकारिक E-mail मार्फत् प्राप्त प्रस्तावलाई मात्र मान्यता दिइनेछ । जस्तैः Gmail.com, Hotmail.com, Yahoo.com आदि मार्फत प्राप्त E-mail लाई मान्यता दिइने छैन ।

(४) इमेलमार्फत् प्राप्त प्रस्ताव Password Protected हुनु पर्नेछ । Password नराखेको प्रस्तावलाई मान्यता दिइने छैन ।

(५) रकम र ब्याजदर फरक पर्ने गरी एउटै संस्थाबाट एक भन्दा बढी प्रस्ताव पेश भएमा सो संस्थाले पेश गरेका सबै प्रस्तावहरू रद्द गरिने छ । तर एउटै प्रस्ताव एक पटक भन्दा बढी प्राप्त भएमा उक्त प्रस्तावलाई मान्यता दिइने छ ।

(६) तोकिएको मिति र समयभित्र Password Protected फाइल पेश गर्नुपर्नेछ । तोकिएको मिति र समय पश्चात् प्राप्त हुने प्रस्तावलाई मान्यता दिइने छैन तर प्रस्ताव पेश गर्न तोकिएको अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो बिदा पछिको पहिलो कार्यदिनलाई प्रस्ताव पेश गर्ने अन्तिम मिति र दोस्रो कार्यदिनलाई Password पठाउने अन्तिम मिति मानिने छ । यदि Password पठाउने मितिमा सार्वजनिक बिदा पर्न गएमा बिदा पछिको पहिलो कार्यदिनलाई Password पठाउने अन्तिम मिति मानिने छ ।

(७) तोकिएको मिति र समयभित्र Password Protected प्रस्ताव फाइलको Password पेश गर्नुपर्नेछ । तोकिएको मिति र समय पछि Password पेश भएको प्रस्तावलाई मान्यता दिइने छैन ।

(८) प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अख्तियारी बैंकमा निहित रहने छ ।

मिति : २०८३/०२/१८

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौ

मिति :

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग ।

**विषयः- ब्याजदर सम्बन्धी प्रस्ताव सम्बन्धमा ।**

महोदय,

त्यस बैंकको विभिन्न कोषहरूमा रहेको रकम बैंक तथा वित्तीय संस्थाहरूको मुद्दति निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति २०८ / / मा प्रकाशित सूचना बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरू यस बैंक/विकास बैंक/वित्त कम्पनीले पूरा गरेको घोषणा गर्दै देहाय बमोजिमको ब्याजदरमा देहाय बमोजिमको रकम मुद्दती निक्षेपको रूपमा लिन ईच्छुक भएकोले यो प्रस्ताव पेश गरेका छौं ।

| क.सं. | प्रस्तावको किसिम | प्रस्तावित ब्याजदर (त्रैमासिक भुक्तानी) | अवधि | निक्षेप लिन चाहेको रकम (रु. लाखमा) | |
|---|---|---|---|---|---|
| | | | | न्यूनतम | अधिकतम |
| १. | नयाँ लगानी | | ... दिन | रु. ५० | रु. |
| | **जम्मा** | | | | |

यस बैंक/विकास बैंक/वित्त कम्पनीको पछिल्लो **त्रयमास/महिना..........को** वित्तीय परिसूचक यस प्रकार रहेको छ ।

| क.सं. | वित्तीय परिसूचक | नतिजा |
|---|---|---|
| १ | न्यूनतम कुल पुँजीकोष अनुपात (buffer सहित) (प्रतिशत) | |
| २ | निष्कृय कर्जा (एन.पी.एल.) अनुपात (प्रतिशत) | |
| ३ | खुद निष्कृय कर्जा (खुद एन.पी.एल.) अनुपात (प्रतिशत) | |
| ४ | खुद तरल सम्पत्ति अनुपात (प्रतिशत) | |
| ५ | कर्जा निक्षेपको अनुपात (प्रतिशत) | |
| ६ | सर्वसाधारणबाट लिइएको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पुँजी (रु.) | |
| ८ | अघिल्लो आ.व.को नाफा नोक्सान हिसाब अनुसारको खुद मुनाफा (रु.) | |
| ९ | नेपाल राष्ट्र बैंकको बैंकिङ विभागमा रहेको खाता नं. | |
| १० | १ वर्षे मुद्दती निक्षेपको हालको प्रकाशित ब्याजदर (प्रतिशत) | |
| ११ | आधिकारिक इमेल ठेगाना | |

बैंक तथा वित्तीय संस्थाको आधिकारिक पदाधिकारीको

दस्तखतः-

नाम, थरः-

पदः-

सम्पर्क नं.(मोबाइल):-

संस्थाको नामः-

संस्थाको ठेगानाः-

संस्थाको छापः-

फ्याक्स नं.:-

*नोटः (१) बैंक तथा वित्तीय संस्थाको लगानीसँग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नम्बर यस फारममा अनिवार्य रूपमा उल्लेख भएको हुनु पर्नेछ । (२)* खुद निष्कृय कर्जा अनुपात (Net NPL %) = (NPL - Specific Provision)/Total Loan.